सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८

काँक्रेविहार

Kankrebihar National Daily

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक



❐ वर्ष : २५ ❐ अंक : १३१ ❐ आइतवार, १० फागुन, २०८२ ❐ Sunday, 22 Feb. 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

निर्वाचनमा शतर्कता अपनाउनुहोस्- प्रधानमन्त्री कार्की

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ९ फागुन

प्रधानमन्त्री सुशीला कार्कीले आगामी निर्वाचनको सन्दर्भमा सुरक्षा तथा शान्ति व्यवस्थापनका विषयमा चिन्ता व्यक्त गरेकी छन् ।

बुटवलमा लुम्बिनी प्रदेशको निर्वाचन सुरक्षाबारे सुरक्षा निकायसँग छलफलको क्रममा निर्वाचन बहिष्कार गर्नेहरूसँग सतर्क रहन



निर्देशन दिएकी छन् । निर्वाचन बहिष्कार भन्दै कतिपय दलले आफ्नो अस्तित्वकै लागि पनि रकम असुली गर्ने देखिएको उनले बताइन् ।

'एउटा दुई, चार, पाँच जनाको एउटा समूह छ । चुनाब लड्न पनि सक्दैन र जनतासँग भिजेको पनि छैन । अनि धेरै ठाउँमा सबैलाई त दोष लाउन मिल्दैन, कसैकसैले यसो एक्स्टर्सनबाट पैसासैसा पनि उठाउने, पार्टीको अस्तित्व पनि देखाउने । निर्वाचन लड्दन भन्दिए पछि पुगिगयो, केहि गर्न परेन,' उनले भनिन्, 'कुनै फंक्सन पनि गरेन एउटा पार्टी जीवित पनि रही रहन्छ । पैसा उठी पनि रहन्छ र यो खालको प्रवृति देखियो ।'

उनले फागु पूर्णिमा (होली) आउँदै गरेको र हिमाली क्षेत्र खासगरी रूकुम पूर्वमा सम्भावित हिमपात जस्ता प्राकृतिक समस्याहरू देखा पर्नसक्ने भन्दै चिन्ता व्यक्त गरेकी छन् ।

उनले तराई क्षेत्रमा केही राजनीतिक दलहरू बढी सक्रिय रहेको र तिनीहरूबीचको प्रतिस्पर्धा झडपको रूपमा बदलिन सक्ने आशंका व्यक्त गरिन् ।

पार्टीहरूबीच झण्डा जलाउने जस्ता घटना पनि रिपोर्ट भएका र जसले निर्वाचनको समयमा तनाव बढाउनसक्ने बताए ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

मतपत्र ढुवानीको काम तीव्र, तीन जिल्लामा पुग्यो

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ९ फागुन

कर्णाली प्रदेशमा आसन्न प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै मतपत्र ढुवानीको काम तीव्र पारिएको छ । हालसम्म हुम्ला, जुम्ला र जाजरकोटमा मतपत्र पुऱ्याईएको छ, भने उच्च हिमाली जिल्ला हुम्ला, मुगु र डोल्पामा फागुन १२ गतेभित्र मतपत्र पठाउने तयारी गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय सुर्खेतमा बसेको प्रदेश निर्वाचन सुरक्षा समितिको बैठकमा मतपत्र ढुवानीको कामलाई तीव्रता दिने निर्णय गरिएको छ । बैठकमा निर्वाचन आयोगका सचिव कृष्णबहादुर राउतले कर्णालीका दुर्गम जिल्लामा निर्वाचन सामग्री ढुवानीलाई प्राथमिकताका साथ अघि बढाउन निर्देशन दिए । विशिष्ट परिस्थितिमा हुन लागेको निर्वाचन सफल बनाउन आयोगले कुनै कसर बाँकी नराख्ने उनले जानकारी दिए ।

उनका अनुसार मतदान केन्द्रमा खटिने कर्मचारीको भत्ता, ढुवानी तथा हेलिकप्टर खर्चसमेत पठाइसकिएको छ । फागुन १० गतेदेखि मसान्तसम्मको मौसम पूर्वानुमानका आधारमा सामग्री पठाउन जल तथा मौसम विज्ञान विभागसँग समन्वय गरिएको उनले बताए । तीन हजार मिटरभन्दा माथिका क्षेत्रमा लेक लाग्ने सम्भावनालाई मध्यनजर गर्दै औषधि खरिदका लागि सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा बजेटसमेत पठाइएको सचिव राउतले जानकारी दिए ।

बैठकमा सुरक्षा निकायका प्रमुखहरूले हिमाली जिल्लामा निर्वाचन पूर्व र पश्चात् कर्मचारी आवतजावतको सुनिश्चितता गर्न अनुरोध गरेका थिए । निर्वाचनमा खटिएका कर्मचारीलाई मताधिकार प्रयोग गर्ने अवसर दिनुपर्ने विषयमा पनि जोड दिइएको थियो ।

यसैबीच, फागुन ९ गते प्रदेशको सबैभन्दा दुर्गम जिल्ला हुम्लामा मतपत्र सहित निर्वाचन सामाग्री पुऱ्याइएको छ । हवाई सेवा मार्फत मतपेटिका, सुरक्षा सिल, मसीका मार्कर, स्वस्तिक छाप, स्टिकर, रंगिन मतदाता नामावलीजस्ता निर्वाचन सामग्री पुगेको जिल्ला निर्वाचन अधिकारी भिमबहादुर रोकायाले जानकारी दिए ।

उनका अनुसार हुम्लामा थप १९६ मतपेटिका आवश्यक रहेको छ । यसअघि २३५ वटा जिल्लामै रहेको भन्दे एउटा मतदान केन्द्रमा तीन वटा मतपेटिका आवश्यक रहेको उनले बताए । हुम्लामा १८ हजार २१ जना पुरूष, १६ हजार ३५१ जना महिला गरि कुल ३४ हजार ३७२ जना मतदाता छन् ।

त्यस्तै जुम्लामा यसअघि फागुन ४ गते मतपत्र पुगेको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालय जुम्लाका सहायक निर्वाचन अधिकृत हरिकृष्ण तिमिल्सेनाका अनुसार प्रत्यक्षतर्फ ७७ हजार र समानुपातिकतर्फ ८० हजार मतपत्र जिल्लामा प्राप्त भएको हो । जुम्लामा कुल ७१ हजार ७३९ मतदाता रहेका छन् ।

प्रायः मतदाताभन्दा करिब १० प्रतिशत बढी मतपत्र पठाउने प्रचलनअनुसार आवश्यकताभन्दा केही बढी बाँकी पृष्ठ ३



गाउँ–गाउँमा मतदाता शिक्षा

कर्णाली प्रदेशका १० वटै जिल्लाका सबै वडास्तरसम्म मतदाता शिक्षा कार्यक्रमलाई तीव्रता दिइएको छ । जसअन्तर्गत हुम्ला जिल्लामा यही फागुन ३ गतेबाट सुरु भएको मतदाता शिक्षा कार्यक्रम तीव्रता पारिएको छ । निर्वाचनमा कत बदर हुनसक्ने अवस्थालाई अन्त्य गर्न स्वयंसेवकहरूले गाउँ-गाउँमा मतदाता शिक्षा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिरहेका छन् ।

हुम्लाको अदानचुली गाउँपालिका-२ की मतदाता बेला विकले समयमै स्वयंसेवक आएर मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिरहेको बताइन् । आफूले कार्यक्रममा सहभागिता जनाएको र यसपटक बदर मत नहुनेमा विश्वस्त रहेको उनको भनाइ छ ।

'मतदान गर्दा मत कसरी बदर हुनसक्छ ? आफ्नो मत आफैं कसरी खसाल्ने लगायतका विषयमा स्वयंसेवकहरूले सहजीकरण गर्नुभयो' उनले भनिन्, 'यो सिकाइले कसैले पनि सकेसम्म मत बदर हुन दिदैनन् होला । सबै गाउँलेहरु उत्साहित छन् ।'

मतदाता शिक्षा कार्यक्रम सञ्चालनका लागि चंखेली गाउँपालिका-१ की स्वयंसेविका ज्ञानु थापाले गाउँबस्तीमा उपलब्ध मतदाताले समय दिएर सहयोग गरेकोमा आफू सन्तुष्ट रहेको बताइन् । 'सुरुमा बस्ती-बस्तीमा पुगेर शिक्षा प्रदान गरिएका छौं । शुक्रबारदेखि घर-घरमै पुगेर मतदाता शिक्षा दिइरहेका छौं' उनले भनिन्, 'मतदाता शिक्षाका लागि तयार पारिएका पाठ्य सामग्रीबारे जानकारी गराउने र मत बदर हुन नदिने उपाय सिकाउने कार्य भइरहेको छ ।'

मतदाताले विषयवस्तु राम्रोसँग बुझेको देखिएकाले यस कार्यक्रमले बदर मत घटाउन सहयोग पुग्ने उनको अपेक्षा छ । जिल्ला निर्वाचन अधिकारी भीमबहादुर रोकायाले जिल्लाका ४१ वटा वडाका बस्तीमा मतदाता शिक्षा प्रभावकारी रूपमा सञ्चालन भइरहेको बताए । हुम्ला जिल्लाका सात वटा गाउँपालिकामा ४४ वटा वडा रहेका छन् । आइतबारबाट ताँजाकोट गाउँपालिका-३, मासपुर मतदान केन्द्रमा कार्यक्रम लागु गरिनेछ । नाम्खा गाउँपालिका-३ अन्तर्गत हिमालपारिको लिमीका तीन वटा मतदान केन्द्रमा ईमेलमार्फत मतदाता शिक्षा सामग्री पठाएर कार्यक्रम सञ्चालन गर्ने प्रयास भइरहेको उनले बताए । त्यहाँ एक-दुई दिनभित्र काम सुरु गर्ने उनको प्रतिबद्धता छ ।

'लिमी प्रवेश गर्ने दुई वटा नाका बन्द रहेकाले त्यहाँका स्वयंसेवक कार्यालयमा आउन नसक्ने अवस्था भएपछि वैकल्पिक उपाय अपनाइएको छ' उनले भने, 'हाल नाम्खा गाउँपालिका-४, चाला गाउँस्थित हिमालय प्राबि मतदान केन्द्रमा मात्र कार्यक्रम सञ्चालन हुन बाँकी छ । यसका लागि गाउँपालिकासँग समन्वय भइरहेको छ ।'

हिमपात र भौगोलिक विकटताका कारण तीन वटा वडामा मतदाता शिक्षा कार्यक्रम सञ्चालनमा ढिलाइ भएको उनले बताए । मतदाता शिक्षा कार्यक्रम फागुन १७ गतेसम्म जारी रहनेछ । यसमा खटिने स्वयंसेवकलाई एकमुष्ट १० हजार रुपियाँ पारिश्रमिक दिने व्यवस्था गरिएको छ ।

आचारसंहिता पालना गर्न सुझाव

आसन्न प्रतिनिधिसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सरोकारवालाहरूले निर्वाचन आचारसंहिता कडाइका साथ पालना गर्न सुझाव दिएका छन् । निर्वाचन नजिकिँदै जाँदा प्रचार-प्रसार, सभा-सम्मेलन र घरदैलो अभियान तीव्र बन्दै गएको अवस्थामा आचारसंहिता उल्लंघनका घटनाप्रति चासो बढ्न थालेको हो ।

निर्वाचन आयोगले जारी गरेको आचारसंहितामा सरकारी स्रोत-साधनको दुरुपयोग नगर्न, मतदातालाई प्रलोभन नदिन, घृणात्मक अभिव्यक्ति प्रयोग नगर्न तथा सामाजिक सञ्जालमा भ्रामक सूचना नफैलाउन स्पष्ट व्यवस्था गरिएको छ । आयोगले उम्मेदवार, राजनीतिक दल, सार्वजनिक पदाधिकारी र सञ्चारमाध्यमलाई आ-आफ्नो जिम्मेवारी बोध गर्दै नियमको पालना गर्न निर्देशन दिँदै आएको छ ।

स्थानीय प्रशासनले पनि निर्वाचन आचारसंहिता कार्यान्वयनमा सहयोग पुऱ्याउन सबै पक्षसँग अपिल गरेको छ । सुरक्षा निकायले प्रचारका क्रममा हुने सम्भावित झडप तथा अवाञ्छित गतिविधि रोक्न निगरानी बढाएको जनाएको छ ।

नागरिक समाजका अगुवाहरूले लोकतान्त्रिक अभ्यासको सफलताका लागि दलहरूबीच स्वस्थ प्रतिस्पर्धा आवश्यक रहेको उल्लेख गर्दै व्यक्तिगत आरोप-प्रत्यारोप र चरित्र हत्या जस्ता क्रियाकलापबाट टाढा रहन आग्रह गरेका छन् । मतदातालाई त्रास वा दबाबमुक्त वातावरणमा मतदान गर्ने सुनिश्चितता दिनु सबै पक्षको साझा दायित्व भएको उनीहरूको भनाइ छ ।


सरोकारवालाहरूले निर्वाचनलाई उत्सवका रूपमा मनाउँदै कानुनी प्रावधानको पूर्ण पालना गर्न सके मात्र परिणामप्रति सबैको स्वीकृति र विश्वास कायम रहने बताएका छन् ।

प्रजातन्त्रका आधारभूत पक्ष

- संवैधानिक सर्वोच्चता ।
- बहुलवादको सम्मान ।
- विधिको शासन ।
- शक्ति पृथकीकरण ।
- आवधिक निर्वाचन ।
- मौलिक हक ।
- मानव अधिकार ।
- प्रेस तथा वाक स्वतन्त्रता ।
- सामाजिक न्याय तथा समावेशीकरण ।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास लगायतका पक्षहरु ।

नेपाल सरकार
विज्ञापन बोर्ड

निर्वाचन आचारसंहिता विपरीत कार्य गर्नेलाई कारबाही हुने



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, ९ फागुन

निर्वाचन आचारसंहिता विपरीत क्रियाकलाप गर्नेहरूलाई कारबाही गर्न केन्द्रीय सुरक्षा समितिले जिल्ला सुरक्षा समितिलाई निर्देशन दिएको छ ।

शनिबार गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा बसेको केन्द्रीय सुरक्षा समितिको बैठकमा निर्वाचन आचारसंहिता विपरीता भएका क्रियाकलापबारे छलफल भएको थियो । चुनावी प्रचारका क्रममा केही ठाउँमा निर्वाचन आचारसंहिता विपरीत क्रियाकलाप भएको पाइएको गृहमन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले बताए ।

आचारसंहिता विपरीताका क्रियाकलापमा कारबाही गर्न जिल्ला सुरक्षा समितिलाई निर्देशन दिने निर्णय भएको काफ्लेले जानकारी दिए । 'कतै आचारसंहिता विपरीताका कार्य भएमा कारबाहीको दायरामा ल्याउन जिल्ला सुरक्षा समितिलाई निर्देशन दिने निर्णय भएको छ,' उनले भने ।

दाङ, बारा लगायतका केही जिल्लामा राजनीतिक दलका झण्डा जलाउने, निर्वाचन प्रचारप्रसारमा अवरोध गर्ने कार्य भएका थिए । त्यस्ता केही घटनामा कारबाहीको प्रक्रिया अघि बढिसकेको उनले जानकारी दिए ।

अब उप्रान्त त्यस्ता क्रियाकलाप नगर्न राजनीतिक दलाई आग्रह गर्ने निर्णय पनि भएको छ । 'सबै राजनीतिक दललाई प्रचारप्रसार गर्दा निर्वाचन आचारसंहितलाई पूर्णरुपमा पालना र अर्को राजनीतिक दल विशेषप्रति सामाजिक सद्भाव रहने गरी क्रियाकलाप गर्न आग्रह गरिएको छ,' प्रवक्ता काफ्लेले भने ।

यससँगै रौतहटमा भएको झडपका विषयमा पनि केन्द्रीय सुरक्षा समितिमा छलफल भएको छ । 'रौतहटको घटनामा सबैलाई संयमता र उच्च सद्भाव कायम गर्नका लागि आग्रह गरिएको छ,' प्रवक्ता काफ्लेले भने, 'जिल्ला सुरक्षा समितिलाई उचित सुरक्षा व्यवस्था गर्न निर्देशन दिइएको छ ।'

यससँगै केन्द्रीय सुरक्षा समितिको बैठकमा चुनावको तयारी र सुरक्षा चुनौतीबारे पनि छलफल भएको उनले जानकारी दिए । बैठकमा सुरक्षा व्यवस्थाबारे सुरक्षा निकायका अधिकारीहरूले ब्रिफिङ गरेका थिए ।

सम्पादकीय

मतदाताको विकल्प खोज्ने अधिकारलाई सम्मान गर

कर्णाली प्रदेशमा यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा राजनीतिक सरगर्मी पनि बढेको छ । परम्परागत रूपमा प्रभाव जमाउँदै आएका नेपाली कांग्रेस, नेकपा एमाले र नेपाल कम्युनिष्ट पार्टी (नेकपा) जस्ता दलहरू यतिबेला आफ्नै आधार मत जोगाउने रणनीतिमा केन्द्रित छन् । विगतका निर्वाचनमा मुख्य प्रतिस्पर्धा यी तीन ठुला दलबीच सीमित रहे पनि यस पटकको चुनावमा भने यीनै दललाई आफ्नै आधार मत जोगाउन सकस छ । नयाँ शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी लगायतका दलको उपस्थितिले चुनावी माहोल फेरिएको छ । एकातिर मतदाताको मनोविज्ञान बदलिँदै गएको संकेत स्पष्ट देखिन्छ । विकास निर्माणका अधुरा काम, रोजगारीको अभाव, स्वास्थ्य र शिक्षामा देखिएको कमजोरीप्रति असन्तुष्टि बढ्दो छ । विशेषगरी युवा पुस्ता, वैदेशिक रोजगारीबाट फर्किएका नागरिक तथा शहरी मतदातामा वैकल्पिक राजनीतिक शक्ति खोज्ने प्रवृत्ति तीव्र छ । यसले पुराना दलहरूलाई केवल नयाँ मत तान्ने होइन, आफ्नै 'कोर भोट बैंक' जोगाउने चुनौती खडा गरेको छ ।

राजनैतिक दलहरू चुनावी नतिजा आफ्नो पोल्टामा पार्न यतिबेला घरदैलो अभियानमा व्यस्त छन् । तर २०७९ को प्रतिनिधिसभा निर्वाचनमा कर्णालीका १० वटै जिल्लामा प्रमुख राजनीतिक दलहरूले पाएको मत परिणाम अनुसार सबैभन्दा धेरै नेपाली कम्यूनिष्ट पार्टीको कुल मत एक लाख ४२ हजार ६६९ रहेको छ । भने दोस्रोमा नेपाली कांग्रेसको एक लाख ४२ हजार ३६५ र तेस्रोमा नेकपा एमालेको एक लाख ४० हजार २२२ रहेको छ । यस्तै चौथोमा क्रमश. राष्ट्रिय प्रजातन्त्र पार्टीले १६ हजार हजार ५०४ र राष्ट्रिय स्वतन्त्र पार्टीले १६ हजार ४४८ मत पाएका थिए । तथ्यांकले देखाएअनुसार कर्णालीका अधिकांश जिल्लामा तीन प्रमुख दलबीच कडा प्रतिस्पर्धा रहँदै आएको छ । तर रास्वपा र राप्रपाजस्ता दलले केही हजार मत ल्याउन थालेपछि सानो मत विभाजनसमेत निर्णायक बन्न सक्ने अवस्था देखिएको छ । तर यस प्रतिस्पर्धाको केन्द्रबिन्दु मतदाता नै हुन् । लोकतन्त्रमा मतदाता सर्वोच्च शक्ति हुन् । उनीहरूको स्वतन्त्र निर्णय गर्ने अधिकार सुरक्षित रहनु आवश्यक छ । चुनावी अभियानका क्रममा मतदातालाई प्रलोभन, दबाब, धम्की वा गलत सूचनामार्फत प्रभाव पार्ने प्रयास हुनु लोकतान्त्रिक मूल्यको ठाडो उल्लंघन हो । मतदाताको मौनता, असन्तुष्टि वा विकल्प खोज्ने अधिकारलाई सम्मान गर्नु राजनीतिक दलहरूको पहिलो दायित्व हो ।

विगतको मत परिणाम हेर्दा कर्णालीमा सानो मतान्तरले नतिजा निर्धारण हुने गरेको छ । तर यस पटक बहुपक्षीय प्रतिस्पर्धाका कारण सानो मत विभाजनसमेत निर्णायक बन्न सक्छ । यस्तो अवस्थामा दलहरूले अस्वस्थ प्रतिस्पर्धा, चरित्रहत्या वा सामाजिक सद्भाव खल्बलिने गतिविधिमा संलग्न हुनु झन् घातक हुन्छ । चुनाव जित्नु नै अन्तिम लक्ष्य भए पनि विधि र मूल्यको अवहेलना गरेर प्राप्त विजय दीर्घकालीन हुँदैन । जनताको असन्तुष्टि सुन्ने, आत्मसमीक्षा गर्ने र सुधारको मार्ग अपनाउने संस्कार विकसित नगरेसम्म राजनैतिक दलप्रतिको विश्वास र लोकतन्त्र सुदृढ हुन सक्दैन । कर्णालीका १२ निर्वाचन क्षेत्रमा १३२ प्रतिस्पर्धी उम्मेदवारले चुनावी चहलपहल तीव्र बनाएका छन् । तर यस उत्साहबीच मतदाताको अधिकार सुरक्षित रहोस् भन्ने कुरा सबैभन्दा महत्वपूर्ण छ । निर्वाचन केवल दलहरूको शक्ति परीक्षण नभई जनताको सार्वभौम अधिकारको अभ्यास हो । त्यसैले कुनै पनि बहानामा मतदाताको स्वतन्त्रता हनन् नहोस् । स्वच्छ, निष्पक्ष र मर्यादित प्रतिस्पर्धाबाटै लोकतन्त्रको आधार बलियो बनाउँ ।

नेपाली राजनीतिकै अग्निपरीक्षा हुनेछ आगामी निर्वाचन



✍ किरण कार्की

विभिन्न कालखण्डमा भएका आन्दोलनले नेपालको राजनीतिक संरचनामा ठूलो परिवर्तन ल्याए । २०६२/६३ को ऐतिहासिक जनआन्दोलनले निरंकुश शासनको अन्त्य मात्र गरेन, लोकतान्त्रिक गणतन्त्र स्थापना, संविधान निर्माण र जनताको अधिकार सुदृढ गर्न महत्त्वपूर्ण भूमिका खेल्यो ।

नयाँ संविधान जारी भएसँगै जनताले संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, स्थायित्व, सुशासन र समृद्धिको आशा गरेका थिए । तर पछिल्ला वर्षका राजनीतिक अस्थिरता, सरकार परिवर्तनको शृत्र ला, दलहरूबीचको अविश्वास र सत्ता-केन्द्रित राजनीतिले जनतालाई दिक्दार बनायो ।

राजनीतिमा गुटबन्दी, आन्तरिक विवाद र सरकार परिवर्तनका कारण नीतिगत निरन्तरतामा समेत प्रश्न उठ्यो । त्यसैगरी, देशमा व्याप्त भ्रष्टाचारका प्रकरण र दण्डहीनताले प्रश्रय पायो, जसले प्रजातान्त्रिक शासन प्रणालीप्रतिको जनविश्वास कमजोर बनायो । सुशासन र पारदर्शिताको अभावले लोकतन्त्रको प्रभावकारितामाथि नै प्रश्न उठाएको छ । सरकार बदलिए, व्यवस्था बदलिए तर जनताको अवस्था कहिल्यै बदलिन सकेन । यही असन्तुष्टि र निराशाको पृष्ठभूमिमा जेनजी पुस्ताको विद्रोहले एउटा नयाँ राजनीतिक चेतनाको जन्म भएको छ । तथापि, अहिलेको राजनीतिक परिवेशमा युवाहरूको सक्रियता र उनीहरूप्रति जनताको सद्भाव र लोकप्रिय लहरले पुराना राजनीतिक दलहरूलाई चुनौती मात्र दिएको छैन, आफ्नो अस्तित्व जोगाउनकै लागि पनि आत्मसमीक्षा गर्नुपर्ने बाध्यता आइसकेको छ ।

त्यसैले, आगामी फागुन २१ गते हुने आम निर्वाचनलाई महत्त्वपूर्ण र ऐतिहासिक मानिएको छ । यसर्थ, निर्वाचनले लोकतान्त्रिक गणतन्त्रको दिशानिर्देश अनि यसको विश्वसनीयता परीक्षण गर्ने अवसर प्रदान गर्नेछ । एकातिर स्थायित्व, सुशासन र विकासतर्फ अघि बढ्ने सम्भावना देखिएको छ भने अर्कोतर्फ राजनीतिक ध्रुवीकरण, नेतृत्व परीक्षण र जनअपेक्षाको दबाब बढ्ने सम्भावना पनि त्यत्तिकै छ । यस विषम परिस्थितिमा सम्पन्न हुन गइरहेको निर्वाचन भावी राजनीतिक मार्गनिर्देशनको निर्णायक बन्नेछ ।

जेनजी, युवा सहभागिता र नयाँ मतदाता

अहिलेको एक्काइसौँ शताब्दीको आधुनिक विज्ञान, प्रविधि र विकासको युगमा हुर्किएको जेनजी र युवा पुस्ताले नयाँ सोच, विचार, आशा र उज्ज्वल भविष्यको सपना देख्नु स्वाभाविक मान्नुपर्छ । नेपाली राजनीतिमा पुराना दलहरूको कार्यशैली र नेतृत्वप्रति असन्तुष्टि, बेरोजगारी तथा भविष्यप्रतिको चिन्ताको कारण आफ्नो दक्षता, पेसा र क्षेत्रलाई समेत त्यागी राजनीतिमा प्रवेश गर्न बाध्य रहेको उनीहरूको कथन छ । राजनीतिमा आउनु रहर नभई बाध्यताको उपज मान्दछन् उनीहरू । तर उनीहरूको सहभागिताले नयाँ सोच, ऊर्जा र शासन प्रणालीमा पारदर्शिता बढाउने अपेक्षा अझ बढेको देखिन्छ । अहिलेको परिस्थितिमा यही पुस्ताले नै नेपाली राजनीतिक संरचनामा निर्णायक भूमिका खेल्न सक्छ भन्ने जनविश्वास बढेको पाइन्छ । यो पुस्ताको सोच-विचार फरक छ, कार्यशैली फरक छ । उनीहरू पुराना पार्टीहरूले गर्दै आएका सडक आन्दोलन, प्रचार, झुटा आश्वासन र नारा जस्ता कुरामा विश्वास राख्दैनन् । बरु, पारिवारिक सम्बन्ध विस्तार, सामाजिक सञ्जाल, अनलाइन अभियान, तथ्यपरक बहस र नीति-विश्लेषणमार्फत आफ्नो सक्षमता देखाउन सक्छौँ भनी अघि सरेका छन् ।

आगामी निर्वाचनमा पहिलोपटक मतदानमा भाग लिने युवा मतदाताको सत्र्या पनि निकै ठूलो रहेको छ । उनीहरू राजनीतिक दल खोलेरै राजनीतिमा प्रवेश नगरे तापनि उनीहरूको सहभागिताले पुराना राजनीतिक दलहरूको नारा-केन्द्रित शैलीलाई चुनौती दिएको छ । अब, स्पष्ट नीति र नेतृत्वको जवाफदेहिता खोज्न थालेका छन् उनीहरूले । निश्चय नै, युवाको सक्रिय सहभागिता स्वस्थ लोकतन्त्रको लागि सकारात्मक सङ्केत मानिन्छ, जसले मतदाता सचेतना, दलहरूलाई उत्तरदायी र जवाफदेही बनाउँदै राजनीतिमा गुणात्मक सुधार ल्याउन सक्छ । यस निर्वाचनको परिणामसँगै केही महत्त्वपूर्ण अवसर तथा चुनौतीहरू आउन सक्छन् भन्ने मेरो ठम्याइ छ, जसले देशको राजनीतिक दिशा निर्धारण गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछन् ।

अवसरहरू:

राजनीतिक आत्मसमीक्षाको आवश्यकता

जेनजी आन्दोलनपछि युवा राजनीतिक सक्रियताले पुराना राजनीतिक दलहरूलाई आत्मसमीक्षा गर्न बाध्यता सिर्जना भएको कुरा सर्वविदितै छ । तर, यो कुरा स्वीकार गर्न कतिपय दलहरू अहिलेसम्म तयार भएको पाइँदैन । तथापि, यी दलहरूले नेतृत्व हस्तान्तरण, आन्तरिक लोकतन्त्र र पारदर्शिता हुनुपर्नेमा ठूलो दबाब महसुस गर्न थालेका छन् । हालै, नेपाली कांग्रेसमा त संस्थापन पक्षसँग विद्रोह नै गरी नयाँ नेतृत्व चयन गरेको उदाहरण पनि हामीसामु छ भने अन्य दलहरूमा आन्तरिक खिचातानी बढ्दो छ । यसले गर्दा दीर्घकालीन रूपमा नेपालको राजनीतिक प्रणालीमा परिवर्तन आउन सक्ने सङ्केत देखिएको छ ।

स्वतन्त्र उम्मेदवार र वैकल्पिक शक्ति

पुराना राजनीतिक दलभित्र परम्परागत सोच, दलगत स्वार्थ, कृपावाद र गुटबन्दी हाबी रहेको छ । यसले गर्दा शक्ति-केन्द्रित राजनीति, अपारदर्शिता र जवाफदेहिताको अभाव चुलिएको हो । शिक्षा, सामाजिक सञ्जाल जस्ता माध्यमले नागरिकको चेतनास्तर बढाएको छ भने लोकतान्त्रिक गणतन्त्र प्राप्त भएपछि पनि जनताले अपेक्षा राखेअनुसार काम हुन सकेको छैन ।

यसले गर्दा कतिपय मानिसहरू उम्मेदवार छनोट प्रक्रियामा समेत असन्तुष्टि राखी आफू स्वतन्त्र उम्मेदवार बन्न थाले भने अन्य समूहहरू वैकल्पिक शक्ति निर्माण गर्न अघि सरेका देखिन्छन् । यी वैकल्पिक राजनीतिक दलहरूको लागि पनि यो निर्वाचन कठोर परीक्षा साबित हुने निश्चित छ । अहिलेका पुस्ताले एजेन्डा र नीति-केन्द्रित उम्मेदवारलाई प्राथमिकता दिने सम्भावना बढ्दै गएको छ, जसले गर्दा जनप्रतिनिधिहरूमा प्रतिस्पर्धा बढाउने र दलहरूलाई अधिक जवाफदेही बनाउने अवसरको सिर्जना गर्नेछ ।

मुद्दा-केन्द्रित राजनीति

राजनीतिक दलहरूले २०८२ को निर्वाचनमा मुख्य ध्यान नीति तथा कार्यक्रममा जोड दिनुपर्नेमा अहिलेसम्म यी कुराहरूमाथि खासै चासो राखेको देखिँदैन । कतिपय प्रतिनिधिहरू बिना घोषणापत्र त कोही टालटुले घोषणापत्र लिएर जनतासामु गएका छन् । अझै पनि, पुरानै सोच र उस्तै चुनाव प्रचार-प्रसार तरिकाले जनताको मन जित्न सक्ने देखिँदैन । शिक्षा, स्वास्थ्य, रोजगारी, सुशासन, महिला अधिकार र वातावरण संरक्षण जस्ता वास्तविक जनताका दैनिक आवश्यकताका मुद्दा बहसको केन्द्रमा हुनुपर्नेमा प्रचार उन्मुख राजनीति पक्कै पनि कमजोर बन्ने निश्चित छ । यसले निश्चय नै राजनीतिक बहसलाई नयाँ, गुणात्मक र विकासमुखी बनाउने अवसर प्रदान गर्दछ ।

संघीयता र स्थानीय नेतृत्वको बल

जेनजी आन्दोलनपश्चात् हुन लागेको निर्वाचनले संघीय संरचनालाई व्यवहारमा उतार्ने ठूलो अवसर दिएको छ । प्रदेश र स्थानीय तहको सक्षम नेतृत्वले मात्र नीति निर्माण र कार्यान्वयनमा सहजता ल्याउने र सुदृढ पार्न सक्ने कुरा प्रबल देखिन्छ । यस कार्यले बजेट र विकासका योजना स्थानीय आवश्यकतासँग मेल खाने, नीति कार्यान्वयन प्रभावकारी हुने र नागरिकको प्रत्यक्ष सहभागिता सुनिश्चित हुने सम्भावना बढाउँदछ । तर, जनता अहिलेसम्म यसप्रति विश्वस्त हुन सकेका छैनन् । यसमा पुनर्संरचना र सुधारको खाँचो छ । त्यसैले, संघ, प्रदेश र स्थानीय तहमा पारदर्शिता र जवाफदेहिता हुनुपर्ने जनताको माग छ ।

लोकतान्त्रिक चेतना र सहभागिता

लोकतन्त्रलाई सुदृढ बनाउन नागरिकको सक्रिय सहभागिता अत्यन्त आवश्यक हुन्छ । सार्वजनिक बहस, तथ्यमा आधारित छलफल र मतदाता सचेतना अभियानले नागरिक जिम्मेवारी बढाउँदै लोकतन्त्रप्रति जनविश्वासको आधार बलियो बनाउन सक्छ । नागरिकले सचेत र विवेकपूर्ण मत प्रयोग गर्दा शासन प्रणालीलाई नै उत्तरदायी बनाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । यसले राज्यको शिक्षा प्रणाली, स्वास्थ्य, रोजगारी तथा सुशासन जस्ता गहन मुद्दामा सही निर्णय लिन सहयोग पुग्छ । यस निर्वाचनको सन्दर्भलाई हेर्दा पनि ठूलो सत्र्यामा मतदाता दर्ता, जनचेतना कार्यक्रम र नागरिक समाजको सक्रियताले जनसहभागिता वृद्धि गर्ने अवसर सिर्जना गरेको देखिन्छ । निर्वाचन आचारसंहिता र सुनिश्चित सुरक्षा व्यवस्थापनले निष्पक्ष तथा भयमुक्त वातावरण बनाउन मद्दत पुऱ्याउँदछ, जसले नागरिकलाई चुनाव प्रक्रियामा सक्रिय सहभागी गराई लोकतन्त्रलाई अझ बलियो, सुदृढ र दिगो बनाउने सम्भावना बढाउँछ ।

सम्भाव्य चुनौतीहरू:

राजनीतिक अस्थिरता

कुनै पनि देशको राजनीतिक अस्थिरता लोकतन्त्रको लागि ठूलो चुनौती हो । छोटो समयमा सरकार परिवर्तन हुँदा सरकारका नीतिगत निर्णयहरूले निरन्तरता पाउन सक्दैनन्, अनि कार्यान्वयन पनि हुँदैनन् । यसले गर्दा दीर्घकालीन योजना र विकासका कार्यक्रमहरूमा तारतम्य मिल्दैन र कार्यक्रमहरू अधुरा रहने सम्भावना बढाउँछ, यसले अपेक्षाकृत प्रगति हुन सक्दैन । हालको यथार्थ पनि यही हो ।

यसले गर्दा लोकतान्त्रिक व्यवस्थाप्रति विश्वास घटाउने मात्र नभई लगानी र आर्थिक गतिविधिमा समेत प्रभाव पार्न सक्छ । फलस्वरूप रोजगारी तथा विकासको गतिमा अवरोध आई जनतामा असन्तोष र वितृष्णा बढाउँछ । बारम्बारको सत्ता परिवर्तनले राजनीति संस्थागत हुन नसक्दा लोकतन्त्रको जग नै कमजोर बन्न जान्छ । २०८२ को निर्वाचनपश्चात् पनि कुनै पनि दलले बहुमत प्राप्त गर्न नसकी पुनः गठबन्धन गर्नुपरेमा सरकार निर्माण प्रक्रिया कठिन हुने र स्थिरता नहुने सम्भावना पनि प्रबल रहेको छ ।

मतदाताको विश्वास संकट

पुराना राजनीतिक दलहरूको कमजोर कार्यक्षमता, दण्डहीनता, भ्रष्टाचार र अपारदर्शी कार्यशैलीका कारण आम नागरिकमा तीव्र असन्तुष्टि र राजनीतिक वितृष्णा बढेको हो । उनीहरूले जनतासामु गरेका बाचाहरू पूरा नगर्दा मतदाताम 'जुन जोगी आए पनि कानै चिरेको' भनी निराशा छाएको देखिन्छ । यदि अब पनि दलहरू जनताप्रति उत्तरदायी बन्न, सुशासन र स्पष्ट मार्गचित्र प्रस्तुत गर्न नसकेमा यस पटकको निर्वाचनमा जनसहभागिता घट्ने र लोकतान्त्रिक प्रणालीप्रतिकै भरोसा टुट्न सक्ने ठूलो जोखिम पनि बढेको छ ।

सूचना र प्रविधिको दुरुपयोग

चुनावको सिलसिलामा सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्मको प्रयोग बढ्दा गलत सूचना, अनर्गल प्रचार, साइबर बुलिङ, चरित्र हत्या र मतदाताको गोपनीयता हनन हुने समस्याहरू बढ्दै गएका छन् । यस्ता कार्यले निर्वाचन प्रक्रियालाई प्रतिकूल असर पार्न सक्ने भएकाले निर्वाचन आयोग र साइबर ब्युरोले समयमै कडा निगरानी राख्नुपर्ने आवश्यकता देखिएको छ ।

जातीय, क्षेत्रीय र धार्मिक ध्रुवीकरण

कतिपय राजनीतिक दल, क्षेत्रीय समूह वा अन्य जातीय, भाषिक वा धार्मिक भावना र मुद्दाहरूलाई केन्द्रित गरेर मतदातालाई प्रभाव पारी मत सङ्कलन गर्ने सम्भावना बढेको छ । यसले समाजलाई ध्रुवीकरण गर्न सक्ने र दीर्घकालीन स्थायित्वमा असर पार्ने खतरा बढेको छ ।

संगठनात्मक कमजोरी

जेनजी आन्दोलन, स्वतन्त्र उम्मेदवार वा वैकल्पिक राजनीतिक दल र उनीहरूको पहलले नयाँ सोच, पारदर्शिता र परिवर्तनको अपेक्षा जगाउँदै युवा पुस्तामा उत्साह सिर्जना गरेको देखिन्छ । यस्ता पहलले निश्चय नै परम्परागत दलहरूलाई जवाफदेही बन्न दबाब दिनुका साथै सुशासन-केन्द्रित नयाँ मुद्दा, प्रभावकारी सेवा प्रवाह, रोजगारी र प्रविधि-मैत्री नीतिलाई सार्वजनिक बहसमा ल्याउन सहयोग गर्दछन् । तर दीर्घकालीन रणनीति, नीतिगत स्पष्टता र एकरूपताको कमी हुँदा नेतृत्व तथा जनाधारलाई विस्तार गर्ने योजनाका प्रयासहरूले स्थायित्व पाउन कठिन हुन्छ ।

त्यसकारण, संगठनात्मक संरचना कमजोर हुँदा स्थानीय तहदेखि केन्द्रसम्म समन्वय, स्रोत-साधन परिचालन र कर्मचारी व्यवस्थापन प्रभावकारी हुन सक्दैन । परिणामस्वरूप निर्वाचनको समयमा प्रचार-प्रसार, मतदाताबीच पहुँच र मत संरक्षण जस्ता पक्षमा कमजोरी देखिन सक्छन् । त्यसैले दीर्घकालीन योजना, स्पष्ट नीति र संस्थागत संरचना सुदृढ गरी निरन्तर जनसम्पर्क बढाउन नसकेमा राजनीतिक प्रभाव कमजोर बन्ने सम्भावना हुन्छ ।

प्रवास

इरानमाथि सैन्य हमला गर्ने ट्रम्पको चेतावनी



अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले इरानको परमाणु कार्यक्रम रोक्न र त्यहाँका नेताहरूलाई दबाब दिन 'सीमित सैन्य हमला' गर्ने विषयमा विचार गरिरहेको बताएका छन् ।

पत्रकारहरूको प्रश्नको जवाफ दिँदै ट्रम्पले इरानसँग नयाँ सम्झौता हुने वा अमेरिकाले सैन्य कारबाही गर्ने भन्ने विषयमा आगामी १० दिनभित्रै टुङ्गो लाग्ने बताए ।

बीबीसीका अनुसार हालैका हप्ताहरूमा अमेरिकाले मध्यपूर्व क्षेत्रमा आफ्नो सैन्य उपस्थिति बढाउँदै लगेको छ । ट्रम्पले इरानसँगको तनाव उत्कर्षमा पुगेका बेला सैन्य विकल्प खुला रहेको बताएको समाचारमा उल्लेख छ । अमेरिकी अधिकारीहरूले पनि पछिल्लो समय सम्भावित सैन्य कारबाहीका सङ्केतहरू दिँदै आएका छन् ।

यसैबीच, कूटनीतिक प्रयासहरू पनि जारी देखिएका छन् । इरानी विदेशमन्त्री अब्बास अराक्चीले अमेरिकासागको सम्भावित सम्झौताको मस्यौदा केही दिनभित्रै तयार हुने र त्यसलाई अमेरिकी विशेष दूत स्टिभ विट्कफलाई बुझाइने जानकारी दिएका छन् । इरानले परमाणु हतियार विकास गरिरहेको आशंका अमेरिका र युरोपेली मुलुकहरूले गर्दै आए पनि इरानले भने त्यसलाई सधैं अस्वीकार गर्दै आएको छ ।

डिभी विजेता नेपालीलाई अमेरिकाको "सप्राइज": केस नम्बर १० हजारसम्मको भिसा आवेदन अप्रिलमा

सन् २०२६ को डाइभर्सिटी भिसा (डिभी) चिट्ठा विजेता नेपालीका लागि अमेरिकी सरकारको नीति केही लचिलो देखिएको छ । अमेरिकी विदेश मन्त्रालय, ब्युरो अफ कन्सुलर अफेयर्सले अप्रिल महिनाका लागि सार्वजनिक गरेको नयाँ भिसा बुलेटिनअनुसार नेपालका लागि 'कट-अफ' नम्बर उल्लेख्य बढाएर १० हजार तोकिएको छ ।

यसको अर्थ केस नम्बर १० हजारभित्र पर्ने डिभी विजेता नेपालीका लागि अप्रिल महिनामा आवेदन गर्न बाटो खोलेको हो । भिसा पाउने, नपाउने भन्ने चाहिँ निश्चित छैन । यसअघि ६ हजार ५ सय केस नम्बरको सीमा रहेकोमा अप्रिलका लागि बढाएर १० हजार पुऱ्याइएको हो ।

अमेरिकी विदेश मन्त्रालयले सार्वजनिक गरेको आधिकारिक सूचनामा भनिएको छ, 'अप्रिल महिनाका लागि डिभी श्रेणी अन्तर्गतका आप्रवासी संख्या



सबै क्षेत्र र योग्य देशहरूका लागि तोकिएका योग्य डिभी-२०२६ आवेदकहरूका लागि उपलब्ध छन् । जहाँ एलोकेसन कट-अफ नम्बर देखाइएको छ, त्यहाँ डिभी क्षेत्रीय चिट्ठा प्राथमिकता क्रम संख्या तोकिएको कट-अफ नम्बरभन्दा कम भएका आवेदकहरूका लागि मात्र भिसा उपलब्ध हुनेछ ।'

आवेदन र अन्तर्वार्ता हुने, भिसा नपाइने अहिलेको ठूलो परिवर्तन भनेको भिसा जारी गर्ने प्रक्रियामा लगाइएको अनिश्चितकालीन रोक हो । विदेश मन्त्रालयले दूतावासहरूबाट डिभी भिसा जारी गर्ने प्रक्रिया हाललाई स्थगित गरेको छ ।

अहिलेको अवस्थाअनुसार आवेदकहरूले भिसा आवेदन पेश गर्न र तोकिएको समयमा अन्तर्वार्तामा उपस्थित हुन सक्छन् । अन्तर्वार्ता सफल नै भए पनि हाललाई नयाँ डाइभर्सिटी भिसा जारी चाहिँ हुँदैन । पहिले नै जारी भइसकेका डिभी भिसा भने रद्द गरिएको छैन । ब्युरो अफ कन्सुलर अफेयर्सका अनुसार अमेरिका प्रवेशबारेको अन्तिम निर्णय भने 'होमल्याण्ड सेक्युरिटी'ले गर्छ ।

सन् २०२६ का डिभी विजेताहरूले २०२५ अक्टोबरदेखि नै भिसा पाउन सुरु गरेका थिए । अक्टोबरदेखि जनवरीसम्म ६ हजार केस नम्बरभित्रका डिभी विजेता नेपाली भिसा अन्तर्वार्ताका लागि योग्य मानिएका थिए । अप्रिलका लागि केस नम्बरको सीमा बढाएर १० हजार पुऱ्याए पनि अमेरिकाको पछिल्लो आप्रवासी नीतिका कारण भिसा पाउने भने निश्चित छैन ।

दैलेख–१ मा चुनावी सन्नाटा

घरदैलो पुगेनन् उम्मेदवार, “नयाँ”तर्फ ढल्किँदै मतदाता



❐ काँक्रेबिहार संवाददाता
दैलेख, ९ फागुन

सुर्खेत बजारबाट करिब २७ किलोमिटर उत्तरतर्फ उक्लिँदै जाँदा पुगिन्छ दैलेखको गुराँस गाउँपालिका-४, साँघुरो पहाडी सडक छिचोल्दै गाउँपालिका प्रवेशद्वार नजिकै भेटिइन् ३३ वर्षीया कृष्णा ओली। दुई सन्तानसँगै सुर्खेततर्फ जाँदै गरेकी उनलाई चुनावी माहोलबारे सोध्दा उनले छोटो जवाफ दिइन् “भोट माग्न कोही पनि आएको छैन। २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनको सरगर्मी बुझ्न दैलेख क्षेत्र नम्बर १ का विभिन्न बस्ती चहार्दा न त घरका भित्तामा पोस्टर देखिए, न चोक चौतारामा झण्डा। मतदातामा चुनावी उत्साहभन्दा अन्योल बढी देखिन्छ। आजसम्म एउटा पार्टीका उम्मेदवार पनि भोट माग्न आएका छैनन्, गुराँसकै रानीमत्तामा किराना पसल चलाउने एक मतदाताले भने।

गुराँस, डुङ्गेश्वर, भगवतीमाई, नारायण नगरपालिका, नौमूले र महावै गाउँपालिका समेटिएको यो निर्वाचन क्षेत्र पहाडी भूगोलका कारण प्रचारप्रसारका हिसाबले कठिन मानिन्छ। तर यसपटक सदरमुकाम नारायण नगरपालिकासमेत चुनावी चहलपहलविहीन देखिन्छ। पर्चा-पम्प्लेट, सभा-जुलुस कतै देखिँदैन। नारायण नगरपालिकाका प्रमुख लोमन शर्माका अनुसार अप्ठ्यारो भूगोल र मतदाताको व्यापक वैदेशिक रोजगारीका कारण घरदैलो कमजोर भएको हो। “गाउँघरमा मतदाता कम छन्। धेरैजसो भारत र तेस्रो मुलुकमा छन्,” उनले बताए। गाउँमा युवापुस्ता न्यून छन्, भएका पनि बजार केन्द्रित छन्।

एमालेबाट टाढिँदै आधार क्षेत्र

दैलेख-१ मा एमालेका रवीन्द्रराज शर्मा, कांग्रेसकी बासना थापा, नेकपाका अम्मरबहादुर थापा, रास्वपाका नन्दकिशोर बस्नेतलगायत १० उम्मेदवार मैदानमा छन्। २०७९ को निर्वाचनमा तत्कालीन एकीकृत समाजवादीका अम्मरबहादुर थापाले गठबन्धनको साथमा जित निकालेका थिए। एमाले उम्मेदवार झिनो मतान्तरले पराजित भएका थिए।

तर यसपटक स्थानीय तहमा बलियो उपस्थिति भए पनि एमालेप्रति मतदाताको उत्साह घटेको संकेत देखिन्छ। गुराँस-४ की कृष्णा ओली भन्छिन्, “पहिला हाम्रो सातै भोट सूर्यमा जान्थ्यो। अब परिवर्तन हुन्छ, घण्टीमा हाल्ने सोच छ। स्थानीय तहमा एमालेले जिते पनि व्यक्तिगत समस्या समाधान नभएको उनको गुनासो छ।

डुङ्गेश्वर-५ की ५२ वर्षीया मैनकला विकले पनि यसअघि एमालेलाई भोट हालेको सुनाइन्। परिवारका पाँच भोट यसपटक ‘परिवर्तन’तर्फ जाने उनको संकेत छ। यद्यपि सबै मतदाता एकै धारमा छैनन्। गुराँसकै ३४ वर्षीय थिरबहादुर शाही भने “नयाँमा विश्वास छैन” भन्दै भोट सूर्यकै पक्षमा जाने बताउँछन्।

परदेशबाट ‘निर्देशन’

वैदेशिक रोजगारीमा रहेका मतदाताको प्रभाव पनि यहाँ देखिन थालेको छ। केही परिवारमा विदेशबाट फोन गरेर घण्टी चिह्नमा मतदान गर्न आग्रह भइरहेको स्थानीयहरू बताउँछन्। २५ वर्षीया इन्द्रा शाहीले भनिन्, “बुढाले विदेशबाट फोन गरेर घण्टीमा हाल्नु भनेपछि त्यहीँ हाल्ने हो। यसले रास्वपाको प्रभाव विस्तार भएको आकलन स्थानीयहरू गर्छन्। सुर्खेतसँगको निकटता र ‘नयाँ नेतृत्व’को बहसले पनि यहाँ घण्टीको चर्चा बढाएको छ।

कांग्रेसको सम्भावना र अन्तर्घातको डर

कांग्रेसकी बासना थापा पनि प्रतिस्पर्धामा देखिन्छिन्। युवा महिला उम्मेदवार भएकाले उनको सम्भावना राम्रो रहेको मतदाताको अनुमान छ। सदरमुकाममा भेटिएका केही मतदाताले कांग्रेस र रास्वपाबीच कडा प्रतिस्पर्धा हुन सक्ने बताए।

तर कांग्रेसभित्र अन्तर्घात भए परिणाम फरक पर्न सक्ने उनीहरूको विश्लेषण छ। विगतमा रुखमा मतदान गर्दै आएकी मैनकला विक यसपटक पनि कांग्रेसतर्फ झुकिएकी .छन्। तर केही मतदाता “लहरको पछि लाग्न नहुने” तर्क गर्दै परम्परागत दलमै अडिग छन्।

एजेन्डाभन्दा व्यक्तिगत सम्बन्ध दैलेख-१ मा विकास, रोजगारी, खानेपानीजस्ता मुद्दा चुनावी बहसको केन्द्रमा छैनन्। धेरैजसो सक्षम परिवार बसाइँसराइ गरिसकेका छन्।

गाउँमा मध्यम र निम्न आय समूहका नागरिक मात्रै भेटिन्छन्। डुङ्गेश्वरकी सुकमाया टेलर भन्छिन्, “नेताले जस्तापाता दिलाउँछु भनेर भोट मागे, पछि फर्किएनन्। यसपटक भोट हाल्ने मन छैन। सामाजिक सुरक्षा भत्ता नपाएको गुनासो गर्ने मैनकला विकजस्ता मतदाताले पनि ठोस सेवा चाहेको सुनाए। सदरमुकाममा भेटिएका गणेशप्रसाद शर्माको निष्कर्ष छ, “यहाँ एजेन्डाले भन्दा व्यक्तिगत सम्बन्धले काम गर्छ। जसले मान्छेसँग नजिक सम्बन्ध बनाउँछ, उसैले जित्छ।

४३ वर्षदेखि उपेक्षामा देशकै जेठो प्राविधिक शिक्षालय

❐ काँक्रेबिहार संवाददाता
जुम्ला, ९ फागुन

कर्णाली प्रदेशको जुम्लामा रहेको देशकै जेठो कर्णाली प्राविधिक शिक्षालय स्तरोन्नति हुन नसक्दा अझै पनि जीर्ण भौतिक संरचनामै सञ्चालन हुँदै आएको छ। २०३७ सालमा स्थापना भएको उक्त शिक्षालय चार दशकभन्दा बढी समय बितिसक्दा पनि राज्यको प्राथमिकतामा पर्न सकेको छैन। प्राविधिक शिक्षाप्रति विद्यार्थीको आकर्षण बढ्दो भए पनि आवश्यक पूर्वाधार अभावका कारण पठनपाठन पुरानै र चुहिने भवनभित्र सञ्चालन गर्नुपरेको अवस्था छ। २०६४ सालयता निर्वाचित जनप्रतिनिधिहरूले शिक्षालय सुधारका विषयलाई चुनावी एजेन्डामा उठाए पनि कार्यान्वयनमा भने ठोस प्रगति देखिएको छैन। आगामी प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै विभिन्न दलहरूले सार्वजनिक गरेका घोषणापत्रमा शिक्षालयलाई विश्वविद्यालय बनाउने महत्वाकांक्षी योजना अघि सारिएको छ। नेकपा एमालेले आफ्नो बाचापत्रको बुँदा नं. ३ मा शिक्षालयलाई कृषि तथा पर्वतीय विश्वविद्यालयका रूपमा विकास गर्ने उल्लेख गरेको छ भने नेपाली कांग्रेसले प्राविधिक विश्वविद्यालय बनाउने पहल गर्ने जनाएको छ। यस्तै, अन्य दलहरूले पनि सुधारका योजना समेटेका छन्। तर वर्षौंदेखि जीर्ण बनेका भवनको पुनर्निर्माण र आधारभूत पूर्वाधार सुधारभन्दा विश्वविद्यालयको एजेन्डालाई प्राथमिकता दिनु व्यावहारिक नभएको स्थानीयवासी बताउँछन्। नागरिक समाजका अध्यक्ष राजबहादुर महतका अनुसार शिक्षालयमा पर्याप्त भौतिक पूर्वाधारको खाँचो छ। विश्वविद्यालय बनाउने कुरा राम्रो हो, तर अहिलेको आवश्यकता भनेको जीर्ण संरचनाको मर्मत र स्तरोन्नति हो, उनले भने। कार्यान्वयनभन्दा पनि चुनावी एजेन्डामै सीमित हुने प्रवृत्तिले शिक्षालयको भविष्यप्रति आशंका बढाएको उनको भनाइ छ।

शिक्षालय प्रमुख विकल अधिकारीका अनुसार हाल विभिन्न विषयमा ४ सय ९० जना विद्यार्थी अध्ययनरत छन्। सिभिलतर्फ १ सय ३५, फार्मेसीतर्फ १ सय १४, एग्री प्लान्ट साइन्सतर्फ १ सय २८, फरेस्ट्रीतर्फ ७५ र एचएतर्फ ३८ विद्यार्थी अध्ययन गरिरहेका छन्। स्थापना कालदेखि हालसम्म ६ हजारभन्दा बढी दक्ष जनशक्ति उत्पादन भइसकेको शिक्षालयको तथ्यांक छ, जसमध्ये करिब ४ हजार जनशक्ति राज्यका विभिन्न निकायमा कार्यरत छन्।

शिक्षालय परिसरमा कुल ५८ वटा भवन छन्। तीमध्ये २४ कर्मचारी आवास, ३ छात्रावास, ९ छात्र भवन र ४ शैक्षिक भवनलगायत अधिकांश संरचना जीर्ण अवस्थामा छन्। पटक-पटक पुनर्निर्माणका लागि पहल गरिए पनि बजेट अभावमा काम अघि बढ्न सकेको छैन। स्थानीयवासीको भनाइमा विपन्न वर्गका विद्यार्थीलाई सहज प्राविधिक शिक्षा उपलब्ध गराउने, भौतिक पूर्वाधार सुदृढ गर्ने र शिक्षण प्रणाली व्यवस्थित बनाउनेतर्फ ध्यान दिनु अहिलेको आवश्यकता हो। विश्वविद्यालय बनाउने दीर्घकालीन लक्ष्य स्वागतयोग्य भए पनि आधारभूत समस्या समाधान नगरी अघि बढ्न नसकिने सरोकारवालाहरूको सुझाव छ।

शिक्षालय प्रमुख अधिकारी भन्छन्, विश्वविद्यालय बनाउने एजेन्डा सकारात्मक हो, तर अहिलेको प्राथमिकता भौतिक पूर्वाधार सुधार र पुराना संरचनाको मर्मत हुनुपर्छ। हरेक वर्षको बजेटमा देशकै जेठो शिक्षालय उपेक्षित हुनु दुःखद हो। शिक्षालयको समग्र सुधारका लागि सबै पक्षको सहयोग आवश्यक छ।

बाँके र बर्दियाका क्षेत्रमा साइकल महोत्सव

❐ काँक्रेबिहार संवाददाता
बाँके, ९ फागुन

बाँके र बर्दिया क्षेत्रका प्राकृतिक, सांस्कृतिक तथा पर्यटकीय सम्भावनालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने उद्देश्यले नेपालगन्जमा ‘टुर द ठाकुरद्वारा -२०२६’ साइकल महोत्सव सुरु भएको छ। नेपालगन्ज साइकलिङ क्लबको आयोजनामा शुक्रबारदेखि सुरु भएको महोत्सवमा नेपाल र भारतका २ सय ५० भन्दा बढी साइक्लिस्ट सहभागी छन्। उनीहरूले बाँके र बर्दियाका विभिन्न धार्मिक तथा पर्यटकीय स्थलको भ्रमण गर्ने कार्यक्रम छ।

आयोजकका अनुसार साइकलिङ संस्कृतिको विस्तार, स्वस्थ जीवनशैलीको प्रवर्द्धन, वातावरण संरक्षणप्रति सचेतना र पर्यटन विकासमा टेवा पुऱ्याउने उद्देश्यले महोत्सव आयोजना गरिएको हो। नेपालगन्ज साइकलिङ क्लबका निवर्तमान अध्यक्ष प्रदीप सापकोटाले यस किसिमका कार्यक्रमले स्थानीयस्तरमा खेल पर्यटनको सम्भावना बढाउने विश्वास व्यक्त गरे।

महोत्सवको पहिलो दिन नेपालगन्जस्थित वाटरपार्कबाट सुरु भएको साइकल र्‍याली कान्तिताल, सिद्धीविनायक लायन्स पार्क हुँदै कोहलपुरको खडगवार हात्तीसार, बाँके राष्ट्रिय निकुञ्ज आसपासका क्षेत्र तथा सुतैया तालको भ्रमण गर्दै गाभर भ्याली पुगेको थियो। यात्राका क्रममा साइक्लिस्टहरूले स्वास्थ्य, वातावरण संरक्षण र स्वच्छ जीवनशैलीसम्बन्धी जनचेतनामूलक सन्देश प्रवाह गरेका छन्।

शनिबार सहभागीहरूले नेपालगन्जदेखि ठाकुरद्वारासम्म साइकल यात्रा गर्ने कार्यक्रम छ। सो मार्गमा पर्ने विभिन्न स्थानमा स्थानीय संस्कृति, पर्यटकीय सम्पदा र सामाजिक गतिविधिको प्रवर्द्धन गरिने आयोजकले जनाएको छ। नेपालगन्ज साइकलिङ क्लबका पूर्व अध्यक्ष सतिश निरौलाका अनुसार यस्ता कार्यक्रमले पर्यटन प्रवर्द्धनसँगै स्थानीय अर्थतन्त्रलाई समेत चलायमान बनाउने अपेक्षा गरिएको छ।

मतपत्र...

मतपत्र आएको कार्यालयले जनाएको छ। जुम्लाका १०८ मतदान केन्द्रमा ६४८ कर्मचारी खटाइसकिएको उनले जानकारी दिए। भने दुईवटा अस्थायी मतदान केन्द्रसमेत कायम गरिएको छ। यस्तै कर्णालीका अन्य जिल्लामा मतपत्र ढुवानीलाई तीव्रता दिदै गर्दा यही फागुन ७ गते जाजरकोटमा मतपत्र पुगेको छ। जिल्ला निर्वाचन कार्यालय जाजरकोटका अनुसार प्रत्यक्षतर्फ एक लाख १५ हजार र समानुपातिकतर्फ एक लाख १८ हजार मतपत्र जिल्लामा ल्याइएको छ।

जाजरकरोटमा एक लाख सात हजार ९३ मतदाता रहेका छन्। प्रतिनिधिसभा सदस्य पदका लागि ११ राजनीतिक दल चुनावी प्रतिस्पर्धामा छन् मतदान केन्द्र व्यवस्थापन, कर्मचारी परिचालन तथा सुरक्षा प्रबन्धका काम अन्तिम चरणमा पुगेको कार्यालयले जनाएको छ। निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार कर्णाली प्रदेशका १० जिल्लाका १२ वटै निर्वाचन क्षेत्रको मतपत्र छपाइ र प्याकिङ कार्य सम्पन्न भइसकेको छ। डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम), सल्यान र सुर्खेतका मतपत्र तयारी अवस्थामा रहेका छन्। तर हिमपातले बाटो अवरोध हुदाँ हुम्लाको लिमी र डोल्पाको उपल्लो डोल्पा क्षेत्रमा मतपत्र ढुवानी गर्न हेलिकप्टर नै प्रयोग गर्नुपर्ने अवस्था आएको छ।

कर्णाली प्रदेशमा प्रतिनिधिसभाका १२ निर्वाचन क्षेत्र रहेका छन्। प्रदेशभर १० लाख २४ हजार ६०६ मतदाता, ९५९ मतदान स्थल र एक हजार ४३८ मतदान केन्द्र तोकिएका छन्। आसन्न निर्वाचनका लागि कर्णालीबाट १३२ जना उम्मेदवार प्रतिस्पर्धामा उत्रिएका छन्। निर्वाचन स्वच्छ, निष्पक्ष र मर्यादित बनाउन सम्पूर्ण तयारी तीव्र पारिएको आयोगले जनाएको छ।

एपीएफले जित्यो एन्फा महिला च्याम्पियनसिपको उपाधि

❐ काँक्रेबिहार संवाददाता
काठमाडौं, ९ फागुन

विभागीय डर्बीमा त्रिभुवन आर्मी क्लबलाई हराउँदै एपीएफ फुटबल क्लबले अखिल नेपाल फुटबल संघ (एन्फा) महिला च्याम्पियनसिपको उपाधि उचालेको छ।

उदयपुरको गाईघाटस्थित थरुहट रगंशालामा शनिबार भएको फाइनलमा आर्मीलाई २-१ गोल अन्तरले पराजित गर्दै एपीएफले उपाधि उचालेको हो। पहिलो हाफ गोलरहित बराबरी भएको खेलमा तीनै गोल दोस्रो हाफमा भएका थिए।

एपीएफको जितमा डिफेन्डर गिता राना र मिडफिल्डर रेनुका नगरकोटेले गोल गरे। जेनिफर रानाले गरेको गोल आर्मीका लागि शान्त्वना बन्यो।

खेलको ५५औँ मिनेटमा गिता रानाको गोलमा एपीएफले सुरुवाती अग्रता बनाएको थियो।

६८औँ मिनेटमा रेनुका नगरकोटेको गोलमा एपीएफले अग्रता दोब्बर पाऱ्यो।

खेलको ७२औँ मिनेटमा जेनिफरको गोलमा आर्मीले खेललाई २-१ को अवस्थामा पुऱ्याइन्। तर त्यसपछि थप गोल गर्न सकेन।

एपीएफले सेमिफाइनलमा संकटा क्लबलाई ३-० गोल अन्तरले हराउँदै फाइनलमा स्थान बनाएको थियो। आर्मी भने पुलिस क्लबलाई १-० गोल अन्तरले पराजित गर्दै उपाधि नजिक पुगेको थियो।

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
Water Supply and Sewerage Management Office
Surkhet

Invitation of Bids

Date of Publications: 10th Falgun 2082 (22th Feb 2026)

Water Supply and Sewerage Management Office, Surkhet invites only electronic bids from eligible and qualified bidders for the following works.

S.N	Contract No.	Descriptions of Works	Bid Security Amounts (NRs.)	Bid Fee (NRs.)	Remarks
1.	NCB/03/WSSMO/SKT /082-83	Construction of Works for Thai Salleri Paiti Chauratha Brihat Water Supply Project, Naumule 6,7,8 &2 Dailekh.	4,00,000/-	3,000/-	
2.	NCB/04/WSSMO/SKT / BWSPBJ/082-83	Construction of Brihat Water Supply Project Barekot ga.pa ward no 9 ra 8.	7,00,000/-	5,000/-	

The detail notice can be accessed from www.bolpatra.gov.np/egp

Office Chief

उम्मेदवारका पुरानै एजेन्डा, विकासका प्रतिबद्धता दोहोरिए



काँक्रेविहार संवाददाता
सुर्खेत, ९ फागुन

सुर्खेत निर्वाचन क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्यका पाँच उम्मेदवारले जिल्लाको विकास र समृद्धिका लागि पुरानै योजनाहरूलाई पुनः दोहोऱ्याएका छन् । सुर्खेत महिला जेसीजले आयोजना गरेको 'प्रश्न तपाईंको, जवाफ उम्मेदवारसँग' प्रत्यक्ष संवाद कार्यक्रममा सहभागी उम्मेदवारहरूले पूर्ववत् विकास एजेन्डालाई नै प्राथमिकतामा राखेका हुन् । कार्यक्रममा नेपाली कम्युनिस्ट पार्टीका झकबहादुर मल्ल, राष्ट्रिय स्वतन्त्र पार्टीका रमेशकुमार सापकोटा, राष्ट्रिय प्रजातन्त्र पार्टीका कविराम पुरी, उज्यालो नेपाल पार्टीका गम्भीरसिंह भुल र स्वतन्त्र उम्मेदवार कृष्ण खत्री सहभागी थिए ।

उम्मेदवारहरूले सुरुङमार्गको गुरुयोजना निर्माण, विद्युत् नपुगेका बस्तीमा विद्युतीकरण, प्रदेश राजधानी वीरेन्द्रनगरलाई प्रविधिको हबका रूपमा विकास, जडीबुटी प्रशोधन केन्द्र स्थापना, ढल निकास र फोहोर व्यवस्थापन, शिक्षा र स्वास्थ्य क्षेत्र सुदृढीकरण तथा कैलाली-सुर्खेत-अछाम सडक निर्माणजस्ता योजना अघि सारे।

मल्लको प्रविधिमैत्री र पूर्वाधार प्राथमिकता

नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार झकबहादुर मल्लले प्रत्येक पालिकामा आइटी कलेज स्थापना गरी प्रविधिमैत्री तथा रोजगार मुखी शिक्षामा पहुँच विस्तार गर्ने योजना प्रस्तुत गरे । सुर्खेतस्थित प्रदेश अस्पताललाई अत्याधुनिक बनाएर राष्ट्रियस्तरमा स्तरोन्नति गर्ने, पालिकास्तरमै विशेषज्ञसहित स्वास्थ्य सेवा उपलब्ध गराउने र टोल-टोलमा सडक तथा सिँचाइ, घर-घरमा विद्युत् र खानेपानी पुऱ्याउने प्रतिबद्धता उनले जनाए । उनले वीरेन्द्रनगरलाई आधुनिक र नमुना सहरका रूपमा विकास गरी उपमहानगरपालिकामा स्तरोन्नति गर्ने, सुर्खेत विमानस्थल र रत्न राजमार्गको स्तरोन्नति गर्ने तथा शोषण-उत्पीडन अन्त्य गर्ने लक्ष्य रहेको उल्लेख गरे ।

रास्वपाको आधारभूत सेवामा जोड

राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार रमेशकुमार सापकोटाले बिजुली, पानी, ढल निकास र फोहोर व्यवस्थापनलाई योजनाबद्ध रूपमा अघि बढाउने बताए । जनताको आधारभूत आवश्यकता पूरा गर्नु नै आफ्नो प्राथमिकता रहेको उनको भनाइ थियो । भूमिहीनलाई पुर्जा वितरणको विषय उठाउँदै उनले स्थिर सरकार नभएसम्म यस्ता काम प्रभावकारी रूपमा अघि बढ्न नसक्ने दाबी गरे । कैलाली-सुर्खेत-अछाम सडक र विद्युत् विस्तारलाई पनि उनले प्राथमिकतामा राख ।

राप्रपाको राष्ट्रिय एजेन्डा

राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार कविराम पुरीले स्थानीय विकासभन्दा राष्ट्रिय राजनीतिक एजेन्डामा जोड दिए । उनले राष्ट्रपति पदको सट्टा राजसंस्था पुनःस्थापना, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, स्थानीय तह गैरदलीय बनाउने र पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गर्ने विषयमा आफू उम्मेदवार बनेको स्पष्ट पारे ।

अन्य उम्मेदवारका प्रतिबद्धता

उज्यालो नेपाल पार्टीका गम्भीरसिंह भुलले दुई सुरुङमार्ग योजनाको गुरुयोजना बनाउने र क्षेत्र नम्बर २ का करिब १८ हजार घरधुरीमा विद्युत् विस्तार गर्ने लक्ष्य सुनाए। शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधारका कार्यक्रम अघि बढाउने उनको प्रतिबद्धता थियो । स्वतन्त्र उम्मेदवार कृष्ण खत्रीले प्रविधिमैत्री शासन प्रणाली विकास गर्ने र नयाँ पुस्ताको चाहनाअनुसार काम गर्ने योजना प्रस्तुत गरे ।

कार्यक्रममा नेकपा एमालेका उम्मेदवार कुलमणि देवकोटा उपस्थित भए पनि प्रचार कार्यक्रममा जानुपर्ने भन्दै मन्तव्य नदिई बाहिरिएका थिए । नेपाली कांग्रेसका उम्मेदवार नारायण कोइराला भने घरदैलो कार्यक्रमका कारण उपस्थित हुन नसकेको जानकारी आयोजकले दिएको छ ।

मतदाताको सुझाव

कार्यक्रममा सहभागी मतदाताले विगतमा पनि दोहोरिएका तर कार्यान्वयन हुन नसकेका योजनालाई मात्र दोहोऱ्याएर नहुने बताएका छन्। यथार्थपरक र कार्यान्वयनयोग्य कार्यक्रम ल्याउन तथा पूरा गर्न सकिने प्रतिबद्धता मात्रै सार्वजनिक गर्न सुझाव दिएका छन् । यससँगै सुर्खेत-२ मा विकासका मुद्दा फेरि एकपटक चुनावी बहसको केन्द्रमा आए पनि मतदाताले परिणाममुखी कार्यान्वयनको प्रतीक्षा गरिरहेको देखिन्छ ।

डोल्पामा मुखिया प्रणाली पुनःस्थापना

काँक्रेविहार संवाददाता
डोल्पा, ९ फागुन



त्रिपुरासुन्दरी नगरपालिका-१ अन्तर्गत त्रिपुराकोट गाउँमा मुखिया प्रणाली पुनःस्थापना गरिएको छ । २०८२ माघ २४ गते सम्पन्न गाउँ भेलाले समाजसेवी तथा जुझारु युवा टिकादत्त न्यौपानेलाई गाउँको तालुकदार (मुखिया) चयन गरेको हो । लामो समयदेखि निष्क्रिय बन्दै गएको परम्परागत सामाजिक नेतृत्व संरचनालाई पुनर्जीवित गर्ने उद्देश्यसहित गाउँबासीले मुखिया प्रणाली पुनःस्थापना गरेका हुन् स्थानीयका अनुसार पछिल्ला वर्षहरूमा सामुदायिक अनुशासन कमजोर बन्दै जाँदा सामाजिक बिखण्डन, आपसी अविश्वास र छाडा प्रवृत्ति बढ्दै गएको महसुस गरिएको थियो । सार्की टोल, कठायत टोल, ब्राह्मण टोल र विष्ट टोलका प्रतिनिधिहरूको उल्लेखनीय सहभागितामा सम्पन्न भेला गाउँका अगुवा टंकप्रसाद उपाध्यायको अध्यक्षतामा सम्पन्न भएको थियो । भेलाले सामाजिक एकता सुदृढ गर्न सक्षम नेतृत्व आवश्यक रहेको निष्कर्ष निकालेको छ ।

स्थानीय नारायणप्रसाद उपाध्यायका अनुसार समाजलाई नियम मात्रै होइन, जिम्मेवार नेतृत्व पनि चाहिन्छ भन्ने निष्कर्षसहित मुखिया प्रणाली पुनःस्थापना गरिएको हो । उनका अनुसार यसले गाउँको सामाजिक संरचनालाई पुनः संगठित र व्यवस्थित बनाउन महत गर्ने अपेक्षा गरिएको छ । नवनिर्वाचित मुखिया टिकादत्त न्यौपानेले गाउँका सबै समुदाय र टोलबीच समान सहभागिता सुनिश्चित गर्ने प्रतिबद्धता जनाएका छन् । उनले गाउँमा हुने शुभ तथा अशुभ कार्यमा सबैको अनिवार्य सहभागिता गराउने, विकास योजना तथा बजेट पारदर्शी र समान रूपमा परिचालन गर्ने तथा कुनै समूह वा व्यक्तिको एकाधिकार अन्त्य गर्ने बताएका छन् ।

गाउँका जानकार, भद्रभलादमी र विभिन्न राजनीतिक धारका प्रतिनिधिसँग परामर्श गर्दै समाजहितका काम अघि बढाउने छु, न्यौपानेले भने । भेलाले कृषि तथा जीविकोपार्जनसँग जोडिएका परम्परागत अभ्यासलाई सुदृढ बनाउन बालीनाली र ज्युलाको रेखदेखका लागि रिठे सार्कीलाई कटुवालको जिम्मेवारी दिएको छ । साथै गाउँ साध-सदियार, सिमाना विवाद र नक्साङ्कनसम्बन्धी समस्याको समाधानमा पहल गर्ने निर्णयसमेत गरिएको छ ।

स्थानीय अगुवाहरूका अनुसार मुखियाको पुनःस्थापनालाई केवल परम्परागत पद पुनर्जीवनका रूपमा नभई सामाजिक अनुशासन, संस्कार र सामूहिक उत्तरदायित्व पुनर्स्थापनाको प्रयासका रूपमा हेरिएको छ । त्रिपुराकोटको यो निर्णयले गाउँमा एकता, सहकार्य र मर्यादित सामाजिक अभ्यासलाई बल पुऱ्याउने विश्वास व्यक्त गरिएको छ ।

कैलालीका चार स्थानमा अस्थायी मतदान केन्द्र स्थापना

काँक्रेविहार संवाददाता
धनगढी, ९ फागुन

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी अन्तर्गत कैलाली जिल्लामा चार स्थानमा अस्थायी मतदान केन्द्र स्थापना गरिएको छ । प्रदेश निर्वाचन कार्यालयका अनुसार निर्वाचन क्षेत्र-१ अन्तर्गत टीकापुर नगरपालिका भवन, क्षेत्र-४ अन्तर्गत गोदावरी नगरपालिकाको बनदेवी मन्दिर परिसर, क्षेत्र-५ अन्तर्गत धनगढी उपमहानगरपालिका भवन तथा धनगढीकै जिल्ला कारागार शाखालाई अस्थायी मतदान केन्द्र तोकिएको हो ।

कार्यालय प्रमुख प्रेमराज भट्टका अनुसार स्थायी मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले मात्र अस्थायी मतदान केन्द्रमा पुगेर समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत मतदान गर्न पाउने व्यवस्था गरिएको छ । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलका सुरक्षाकर्मी, सरकारी कर्मचारी तथा कारागारका कैदीबन्दीलाई मतदानमा सहभागी गराउन यस्तो व्यवस्था गरिएको हो । जिल्लाका अस्थायी मतदान केन्द्रमा ४० कैदीबन्दीसहित चार हजार १ सय ९६ मतदाता मतदानका लागि योग्य छन् । पाँच निर्वाचन क्षेत्र रहेको कैलालीमा प्रत्यक्ष र समानुपातिक दुवै प्रणालीअन्तर्गत मतदान गर्न पाउने स्थायी मतदाताको संख्या पाँच लाख ५१ हजार ५२ रहेको छ । जिल्लाभर २ सय ३७ मतदान स्थल तोकिएका छन् ।

निर्वाचन कार्यालयले मतदान अधिकृत र सहायक मतदान अधिकृतका लागि तालिम सञ्चालन गरिरहेको जनाएको छ । केन्द्रबाट मतपत्रसहितका आवश्यक सामग्री जिल्ला आइपुगेका छन् । निर्वाचनका लागि आवश्यक ५१ प्रकारका सामग्रीमध्ये ३७ प्रकार प्रदेश निर्वाचन कार्यालयबाट र बाँकी १४ प्रकार केन्द्रबाट आपूर्ति गरिने व्यवस्था मिलाइएको छ । वडास्तरमा परिचालित मतदाता शिक्षा स्वयंसेवकमार्फत मतदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको छ ।

प्रदेश अस्पतालको जनहितमा जारी सन्देश !

'सुन्दर व्यवस्थित साधन सम्पन्न समग्र स्वास्थ्य सेवाको सञ्जाल, सामुदायिक संगलग्नता र सहयोगयुक्त उत्कृष्ट नमूना प्रदेश अस्पताल'

प्रदेश अस्पतालबाट दिईने सेवाहरू :

- पेट, छाती, मुटु, हाडजोर्नी तथा नसा, बाल रोग, स्त्री रोग तथा प्रसूति निःसन्तान, जनरल सर्जरी अप्रेशन सम्बन्धी सेवा
- २४ सै घण्टा इमरजेन्सि र ल्याव सेवा, अल्ट्रासाउण्ड भिडियो एक्सरे सेवा
- ईन्डोस्कोपी इ.सी.जी. र इको कार्डियोग्राफि सेवा, गरीब असहायलाई निःशुल्क सेवा
- पाठेघर खस्ने समस्याको निःशुल्क शल्यक्रिया गरिने, पिसाब चुहिने रोगको जाँच तथा उपचार सेवा
- नाक, कान, घाँटी, छाला, यौन तथा कुष्ठरोग, मनोरोग सम्बन्धी सेवा
- फिजियोथेरापी, डायलसिस, प्याथोलोजी, आई.सि.यु. न्युरो आई.सि.यु. तथा एन आई.सि.यु, र अस्पताल फार्मेसी सेवा २४ सै घण्टा
- मेमोग्राफी, मृगौलाको पत्थर नचिरेर फुटाउने तथा लेजरबाट मृगौलाको पत्थरको शल्यक्रिया सेवा
- हर्निया, एपेन्डिक्सको नचिरेर मेसिनबाट शल्यक्रिया, न्युरो सर्जरी तथा स्पाईन सर्जरी सेवा
- दाँत तथा मुख सम्बन्धि सेवा र २४ सै घण्टा एम्बुलेन्स तथा शव वाहन सेवा

प्रदेश अस्पताल
वीरेन्द्रनगर सुर्खेत

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
लकान्द्र, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
२. नापतौन सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
३. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत यौगशील प्रयोग गर्ने । १६, स्वच्छ पानी र स्वच्छ कच्च्या पदार्थको प्रयोग गर्ने ।
४. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गर्नौं ।
५. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
६. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
९. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१०. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
११. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१२. ढाँटी भुक्काइ कम गुणस्तरको खाद्य वस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१३. जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगर्नौं ।
१२. बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौ, वन जोगाऔं ।
१५. विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं ।
१७. खानेपानीका मुहानहरु सदैव सफा राखौ ।
१७. उद्योग व्यवसाय संञ्चालनका लागि अनिवार्य सरकारी निकायवाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।
१८. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
२. नापतौन सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
३. खानेपानीका मुहानहरु सदैव सफा राखौ ।
४. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत यौगशील प्रयोग गर्ने । १६, स्वच्छ पानी र स्वच्छ कच्च्या पदार्थको प्रयोग गर्ने ।
६. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
७. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
८. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
९. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१०. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
११. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१२. ढाँटी भुक्काइ कम गुणस्तरको खाद्य वस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गर्नौं ।
१४. उद्योग व्यवसाय संञ्चालनका लागि अनिवार्य सरकारी निकायवाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।
१५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१६. जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगर्नौं ।
१७. बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौ, वन जोगाऔं ।
१८. विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं ।

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५/९८५१३४४७५४ web : kankrebihar.com, Email : kankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस